वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा ।
४ नं. प्रदेश, नेपाल

## ईन्टरनेट सेवा जडान कार्यको सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७४।०३।१५

नगर कार्यपालिकाको कार्यालय र यस अन्तर्गतका १४ वटा वडा कार्यालयहरुमा तपसिल बमोजिमको ईन्टरनेट सेवा जडान गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक व्यक्ति / फर्म / कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्दी दरभाउपत्र आव्हान गरिएकोले निम्न शर्तहरुको अधीनमा रहि रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना आव्हान गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र लिखित निवेदन, अद्यावधिक/नविकरण भएको ईजाजत पत्र, आ.व. २०७२/०७३ को कर चुक्ता प्रमाण पत्र, मु.अ.कर प्रमाणपत्र को प्रमाणित प्रतिलिपि पेश गरी दरभाउपत्र वापत लाग्ने दस्तुर रु.१०००।०० (अक्षरुपी हजार मात्र फिर्ता नहुने गरी यस कार्यालयको राजश्व शाखामा नगदै राजश्व बुझाई आ.प्र.शाखा बाट दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. वालिङ नगरपालिकाका १४ वटा वडा कार्यालयहरुमा कम्तिमा 1/1 Mbps क्षमताको Optical fiber Link Dedicated ईन्टरनेट सेवा तथा नगर कार्यपालिकाको कार्यालयको लागि कम्तिमा 3/3 Mbps क्षमताको Optical fiber Link Dedicated ईन्टरनेट सेवा ईन्टरनेट सेवा खरिद गर्नु पर्ने ।

३. Optical fiber Link मा समस्या आउदाको बखतमा बैकल्पिक सेवामार्फत जस्तै Wireless Connectivity बाट सेवा दिनु पर्नेछ साथै अतिरित्त सेवाहरु

- SLA Availability 99.99%
- Line Usage Graph (MRTG/PRTG)
- 1 public IP Address
- VLAN Service
- Unlimited Local Traffic समेत प्रदान गर्नु पर्नेछ ।

४. वालिङ नगरपालिका र १४ वटा वडा कार्यालयहरुमा सेवा दिनको लागि एक जना प्राविधिक कर्मचारीलाई खटाउनु पर्नेछ । उसले समस्या आएको बेला समस्याको कारणसहित तुरुन्त सेवा सुचारु गर्नुपर्ने हुन्छ ।

( सफ्टवेयरहरु अनलाईन चल्ने हुँदा )

कार्यकारी अधिकृत

५. खरिद गरिएको दरभाउ पत्रमा उल्लेख भएका सबै विवरण प्रष्टसंग भरी सबै पानामा सहीछाप गरी अद्यावधिक/नविकरण भएको ईजाजत पत्र ,आ.व.२०७२/०७३ को कर चुक्ता प्रमाण पत्र, मु.अ.क.प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी सिलबन्दी लाहाछाप गरी खामको बाहिर कामको विवरण, दरभाउपत्र पेश गर्नेको नाम, ठेगाना खुलाई यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन १२ वजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नु पर्ने छ । सोही दिन को २ बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. पेश भएको दरभाउपत्रको दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ । केरमेट भएमा केरमेट स्थानमा दस्तखत र छाप हुनु पर्ने छ । दरभाउपत्रदाताले आफुले कवुल गरेको प्रत्येक आईटमको दररेट भ्याट सहित उल्लेख गर्नु पर्नेछ ।

७. दरभाउपत्रमा उल्लेख गरिएको रकम २.५ प्रतिशत जमानत रकम वालिङ नगरपालिका नगर कार्यपालिकाको धरौटी खाता नं.ग.३/०७२०३००००००००३००००८ मा नगदै जम्मा गरेको सक्कलै भौचर वा बैक वारेन्टी पत्र दरभाउपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

८. खरिद गर्ने ईन्टरनेटको Bill of Quantity दरभाउपत्रसंग संलग्न गरिने छ । Initial Installation Cost (One time) लिनु पर्ने भए सो खुलाई पेश गर्नुपर्ने छ ।

९. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन विदा परेमा त्यसको भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिन दरभाउपत्र खरिद गर्न सकिने छ । साथै दरभाउपत्र दाखिला र खोल्ने दिन विदा परेमा त्यसको भोलिपल्ट लगत्तै कार्यालय खुलेको दिन सोही समयमा दरभाउपत्र दाखिला र खोल्ने काम गर्न सकिनेछ ।

१०. शर्त भएको तथा यस कार्यालयबाट बिक्रि नभएको र म्याद नाधि प्राप्त भएको दस्तखत तथा छाप नभएको रितपूर्वक नभएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

११. यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने/नगर्ने वा सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

१२. यसमा लेखिएकोमा यसै बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ साथै उक्त संशोधित ऐन नियम तथा प्रचलित ऐन नियममा व्यवस्था भए बमोजिम हुनेछ ।

१३. अन्य थप जानकारीको लागि यस नगरपालिका कार्यालयको सूचना शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१४. सूचनाको हक सम्बन्धी ऐन नियम बमोजिम यसै सूचनाअनुसार खोल्ने दिन समय उपस्थितिका लागि सूचित गरिन्छ ।

कार्यकारी अधिकृत